मकवानपुरगढी गाउँपालिका
Makawanpurgadhi Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of The Rural Executive Municipal
मकरन्धाली,मकवानपुर
Makrandhali, Makawanpur

makawanpurgadhi.rmc@gmail.com
Website:makawanpurgadhimun.gov.np
Contact no. : 9855073810 (Chairman)
Contact no.: 9855088966 (CAO)
वागमती प्रदेश,नेपाल
Bagamati Province , Nepal

पत्र संख्या (Ref.): २०७८/०७९
चलानी नं. (Dispatch no.) : ५६१

मितिः२०७८।०६।११

श्री वडा कार्यालय (सबै),
मकवानपुरगढी गाउँपालिका ।

**विषय : चाडपर्व सुरक्षा योजना कार्यान्वयन सम्बन्धमा ।**

प्रस्तुत विषयमा जिल्ला प्रशासन कार्यालयको प.स.च.न. २०७८।०७९/१५०१, मिति २०७८।०६।११ को पत्र यसै साथ संलग्न गरि पठाईएको छ । सोहि पत्रबाट व्यहोरा बुझि आवश्यक कार्यान्वयन गर्नु गराउनु हुन अनुरोध छ ।

..............................
राम कुमार पुडासैनि
प्रमुख प्रशासकिय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

फोन नं :- ०५७-५२०६०५
फ्याक्स नं. :- ०५७-५२३८२२
ईमेल :-daomakawanpur@moha.gov.np
फेसबुक पेज :-www.facebook.com/daomakawanpur
वेबसाइट :-http://daomakawanpur.moha.gov.np/

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

मकवानपुर

पत्र संख्या:- ०७८/७९
चलानी नम्बर:- १५०१

मितिः- २०७८/०६/११

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मकवानपुर

विषय :- चाडपर्व सुरक्षा योजना कार्यान्वयन सम्बन्धमा ।

श्री स्थानीय तह (सबै),
मकवानपुर ।

प्रस्तुत विषयमा यस वर्षको आसन्न चाडपर्वहरूलाई लक्षित गरी यस कार्यालयबाट चाडपर्व सुरक्षा योजना, २०७८ तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ । उक्त योजनामा समेटिएका देहायका विषयहरू प्रभावकारीरूपमा कार्यान्वयन गर्नु, गराउनु हुन अनुरोध छ ।

निम्न:-

१. पालिकाको क्षेत्राधिकारभित्र रहेका सडकहरू मर्मत गर्नुपर्ने भए चाडपर्व अगावै मर्मत गर्ने व्यवस्था मिलाउने।

२. बजारमा कृत्रिम अभाव, कालोबजारी, अस्वभाविक मूल्य वृद्धि जस्ता क्रियाकलापलाई नियन्त्रण गर्न कानूनबमोजिम तोकिएका समितिबाट नियमित बजार अनुगमन गरी कानूनी विपरीत गर्नेलाई कानूनको दायरामा ल्याउने ।

३. घरेलु मदिरा उत्पादन तथा बेचबिखनमा रोक लगाउने ।

४. मठ मंन्दिर लगायत अन्य धार्मिक स्थलहरूमा जनस्वास्थ्यका मापदण्ड अवलम्बन गरी भिडभाड नहुने सुनिश्चतता गरी सहज वातावरणमा पूजाआजा गर्ने व्यवस्था सम्बन्धित पक्षलाई मिलाउन लगाउने ।

५. कोभिड-१९ संक्रमणको जोखिमलाई मध्यनगर गर्दै सवै प्रकारका मेला, महोत्सव, सांगितिक कार्यक्रम, चिठ्ठा विक्री वितरण एवं खोल्ने कार्यमा पूर्णरूपमा रोक लगाउने ।

६. कोभिड-१९ को संक्रमणको जोखिम यथावत नै रहेको सन्दर्भमा आसन्न चाडपर्वहरू सांकेतिक रूपमा मनाउन सबैमा आहान गर्ने ।

७. चाडपर्वको मौकाको फाईदा उठाउँदै हुनसक्ने नदीजन्य पदार्थको अवैध उत्खनन, ओसारपसार लगायतका अन्य क्रियाकलापहरू नियन्त्रण गर्ने ।

बोधार्थ:-
श्री जिल्ला समन्वय समिति को कार्यालय,
मकवानपुर :-आवश्यक समन्वय हुन ।

भरत मणी पाण्डे
प्रमुख जिल्ला अधिकारी

Scanned with CamScanner